Regd. No. 146570/072/073

# UNION HYDROPOWER LIMITED

Lalitpur-3, Dhobighat, Phone No.: 01-5525406,
Email: unionhppl@gmail.com, Website : www.unionhydropower.com.np

च.न. /२०७८/०७९

मिति : २०७९/०१/२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।
शान्तिमार्ग , काठमाण्डौ ।

**विषय : विशेष साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी बुझाइएको सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्वन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७८/०१/०८ को निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा मिति २०७८/०९/२७ (तदनुसार मे ६,२०२२) को दिन ललितपुर ३, धोबिघाट स्थित कम्पनीको रजिष्ट्रर्ड कार्यालयबाट **Virtual ( Zoom App )** मार्फत सभा सम्पन्न गरिएको कुरा जानकारीका लागी अनुरोध छ । साथै कम्पनीको विशेष साधरण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी यसै पत्र साथ संलग्न गरि पठाएको व्योहरा समेत जानकारीको लागी अनुरोध छ ।

भवदिय ,

हरि वंश भण्डारी
कम्पनी सचिव

संलग्न :
१) विशेष साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी – थान १

## युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

**बिक्रम सम्बत २०७९ साल बैशाख गते मंगलवारका दिन**
**कम्पनीको केन्द्रीय कार्यालय, धोबिघाट,ललितपुरमा सम्पन्न भएको**
**बिशेष साधारण सभाको निर्णय पुस्तिका ।**

१. **पृष्ठभूमी**

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको बिशेष साधारण सभा मिति २०७९/०१/२३ गतेका दिन कम्पनीको केन्द्रीय कार्यालय, धोविघाट, ललितपुरंमा सम्पन्न भएको थियो । बिशेष साधारण सभा सञ्चालन गर्नु पर्ने परिस्थीती सृजना भएकाले शेयरधनी महानुभावहरुले बिशेष साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom जुम Application बाट बिशेष साधारण सभामा भाग लिन सकिने ब्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो । सञ्चालक समितिका सदस्यहरु कम्पनीको कार्यालयमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो । कम्पनी सचिवले बिशेष साधारण सभामा सहभागि हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागि भएका शेयरधनीहरुलाई यथा स्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै प्रबन्ध संचालक श्री अभिज्ञा मल्लले सबैलाई बिशेष साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो । बिशेष साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नुभएको थियो । अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात सभा सञ्चालन भएको थियो । बिशेष साधारण सभामा अध्यक्षज्यूले कम्पनीको कारोवार वृद्धि गर्नका लागी पुँजी बृद्धी गर्नका विषेश प्रस्ताव पेश गर्नुभएको साथै संचालक हाल वहाल रहनु भएका संचालक विष्णु प्रसाद पाण्डेज्युले पेश गर्नु भएको राजिनामा स्वीकृत गरी उक्त खाली रहेको संचालक पदमा विष्णु प्रसाद गौतमलाई नियुक्ती गर्नका लागी पेश गनु भएको प्रंस्ताव बिशेष साधारण सभामा छलफलका लागि पेश भएकोमा उक्त विषय उपर छलफल गरी उक्त प्रस्तावलाई विशेष साभा हलवाट पास गर्ने निर्णय भएको थियो । बिशेष साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो ।

**(क) सभाको सूचना तथा प्रकाशन :**

(अ) बिशेष साधारण सभाको सूचना, २०७९ साल वैशाख २३ गते हुने र उक्त विशेष साधारण सभामा छलफल गरीने विषयहरुका वारेमा शेयरधनीहरुलाई जानकारी हुने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकासित गरीएको र कम्पनीको वेभ साइट www. unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

(आ) कम्पनीको विशेष साधारण सभाको सूचना मिति २०७९/०१/०९ र मिति २०७९/०१/१६ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

**(ख) उपस्थिति :**

**(अ) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री रामजी प्रसाद कोइराला | अध्यक्ष |
| श्री अभिज्ञा मल्ल | प्रबन्ध संचालक, |
| श्री तारानाथ सापकोटा | संचालक, |
| श्री हरि प्रसाद पराजुली | संचालक, |
| श्री श्रद्धा पराजुली | संचालक, |
| श्री सुदिप खड्का | स्वतन्त्र संचालक |

**(आ) शेयरधनिहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी, संस्थापक समुह |

| | |
|---|---|
| श्री शालिकराम घिमिरे | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |
| श्री स्नेहलता मल्ल | शेयरधनी ,संस्थापक समुह |
| श्री सुरेन्द्र कुँवर | शेयरधनी, संस्थापक समुह |
| श्री प्रतिमा शाह | शेयरधनी, संस्थापक समुह |
| श्री सुनिता अधिकारी | शेयरधनी, संस्थापक समुह |
| श्री ज्योति थापा | शेयरधनी, संस्थापक समुह |
| श्री शिव प्रसाद भण्डारी | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री महेश सिग्देल | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री दिपेन अधिकारी | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री कृष्ण प्रसाद अधिकारी | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री नारायण प्रसाद वराल | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री लक्ष्मी गौतम | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री तिर्थराज हमाल | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |
| श्री रमेश प्रसाद कोईराला | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |
| श्री डम्वरु वल्लभ घिमिरे | शेयरधनी, सर्वसाधारण समुह(विद्युतीय माध्यमबाट) |
| श्री रेनु पौडेल | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट |
| श्री शिव प्रसाद पौडेल | शेयरधनी, सर्वसाधारण समुह(विद्युतीय माध्यमबाट |
| श्री उदय चन्द्र वादे श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह भौतिक |
| श्री शत्रुधन श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह(विद्युतीय माध्यमबाट |
| श्री मंन्जिल खनाल | शेयरधनी, सर्वसाधारण समुह (विद्युतीय माध्यमबाट) |

**इ) पदाधिकारीको उपस्थिति :-**

| | |
|---|---|
| श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत | युनियन हाइड्रोपावर लि. |
| श्री हरि वंश भण्डारी, कम्पनी सचिव | युनियन हाइड्रोपावर लि. |
| श्री मनोज क्षेत्री | लेखापरिक्षक (विद्युतीय माध्यमबाट) |
| श्री प्रतिमा नेपाल | लक्ष्मी क्यापिटल मार्केट लि.,शेयर रजिष्ट्रार |

**ई) शेयरधनीहरुको उपस्थिति :**

१. स्वंय उपस्थिति २५ जना (संस्थागत शेयरधनीको प्रतिनिधी समेत)

२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ४८६ जना ।

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**बिशेष साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :**

१. कम्पनीको प्रवन्ध पत्रको दफा ६(क) र(ख)मा शंम्शोधन गर्ने सम्बन्धमा ।

२ कम्पनीका संचालक श्री विष्णु प्रसाद पाण्डेको राजीनामा स्वीकृत गरी नया संचालकको नियुक्ति सम्वन्धमा ।

३. विविध ।

**गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | स्वय: उपस्थित शेयर कित्ता | प्रतिनिधि तथा Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १०५०८५० | २८५८७३५ | ३९०९५८५ | ५२.१३ |

२. **सभाको वैधानिकता:**

विशेष साधारण सभा सञ्चालन गर्नका लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस बिशेष साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:**

विषयसूची अनुसार विशेष साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्युलाई कम्पनीको विशेष साधारण सभामा पेश हुने विशेष प्रस्ताव आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ डम्वरु वल्लभ घिमिर:-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक साधारण सभामा भौतिक उपस्थितीलाई ध्यान दिइयोस् । वार्षिक साधारण सभा यथा समयमा गर्ने प्रयास गरीयोस । नयाँ आयोजनाको काम अगाडी वढाई सोबाट हुने आम्दानीबाट शेयरहोल्डरहरुलाई चाडो वोनस दिने प्रयासमा लाग्नका लागी संचालक समितिले थप प्रयास गरोस भनि शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ शिव प्रसाद पौडेल:-

यस कम्पनीको विशेष साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नती तथा अन्य दुई परियोजनाको निर्माण कार्य गर्नका लागी पूजी वृद्धि गर्न भएकोमा धन्यवाद दिने र राइट शेयर जारी गर्नका लागी पहल गर्न तथा पि.पि.ए. गर्न संचालक समितिलाई सुझाव दिनु भएको हुँदा उक्त सुझावलाई ग्रहण गरीयो ।

३ शत्रुधन श्रेष्ठ:-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीको विशेष साभारण गरी कम्पनीको प्रवन्धपत्रमा गर्नु भएको संशोधनको सम्वन्धमा धन्यबाद दिदै लगानीकर्ताहरुले लाभांशको लागि नै लगानी गर्ने भएकाले त्यसको लागि योजना बनाई अगाडी बढ्न सुझाव दिन चाहन्छु ।

३ **संचालक समितिका अध्यक्षज्युको जवाफ:**

यस विशेष साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिगासाहरुलाई स्पष्ट गरीदिनका लागी सचालक समितीका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्युलाई आग्रह गरीयो ।

अध्यक्ष श्री रामजी प्रसाद कोइराला :-

विश्वमा फैलिएको कोरोना भाइरसको कारणले विशेष साधारण सभामा सवै शेयरहोल्डरहरुलाई भौतिक रुपमा उपस्थित गराउन कठिन भएको व्यहोरा विधितै छ । यस कम्पनीको उतरोत्तर प्रगतिको कामना गदै विशम परिस्थीको आकलन गरी प्रविधिको प्रयोग गरी virtual (Zoom App) मार्फत सहभागी भई कम्पनीको हकमा आफुलाई लागेको जिज्ञासा र सुझावहरु वारेमा छलफल समेत गरी जिज्ञासाको

समाधान गर्ने प्रयास गरेको छु । साथै यस्तो विसम परिस्थतीमा पनि आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भइ दिई कम्पनीको विशेष साधारण सभाको गरीमा वढाइ दिनुभएको साथै कम्पनीको उन्नती र प्रगतिको ख्याल राखि दिनु भई दिनु भएका सुझावको उच्च आदर सम्मानका साथ सवैलाई धन्यवाद दिन चाहान्छु ।

४. **प्रस्ताव तथा निर्णयहरुः**

**विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्‍योः**

कम्पनीको समय अनुकुल कारोवार गर्नका लागी हाल कायम रहेको शेयर पूँजीले नपुग्ने अवस्था समेतलाई ध्यानमा राखी समय अनुकुल वनाउनका लागी कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गरी प्रबन्धपत्रको दफा ६ को (क) र (ख) मा संशोधन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमको अधिकृत तथा जारी पूजिँ बृद्धि गर्नका लागी कम्पनीका संचालक अध्यक्षज्युबाट पेश भएको बिशेष प्रस्ताव कम्पनीको बिशेष साधरण सभाद्धारा पारीत गर्ने निर्णय भएको हुँदा सोही बमोजिम निर्णय गरी सोको अभिलेखको लागी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरीयो ।

देहाय

कम्पनीको प्रबन्धपत्रको दफा ६ को (क) र (ख) मा भएको शंसोधित अधिकृत तथा जारी पूँजि बृद्धि

६. (क) यस कम्पनीको अधिकृत पूँजी रु. ५,०००,०००,०००/- (अक्षरुपी पाँच अर्व मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ५,००,००,००० थान साधरण शेयरमा बिभाजन गरिएको छ ।

(ख) यस कम्पनीको जारी गर्ने पूँजी रु.३,०००,०००,०००/- (अक्षरुपी तिन अर्व मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ३,००,००,००० थान साधरण शेयरमा बिभाजन गरिएको छ ।

५. संचालक श्री विष्णु प्रसाद पाण्डेको राजीनामा स्वीकृत गरी नया संचालकको नियुक्ति सम्वन्धमा ।

यस कम्पनीका संचालक श्री विष्णु प्रसाद पाण्डेज्युले आफु कम्पनीको संचालक पदमा रही कार्य गर्न कार्य व्यस्थताको कारणले नभ्याउने भएको हुँदा राजिनामा दिएको छु भनि संचालक पदवाट राजिनामा दिनु भएको हुँदा उक्त राजिनामा संचालक समितिको वैठकवाट स्वीकृतीको लागी विशेष साधारण सभामा पेश गर्ने निर्णय गरी खाली रहेको संचालक पदमा यसै कम्पनीका सस्थापक शेयरहोल्डर श्री विष्णु प्रसाद गौतमलाई नियुक्त गरी पाऊ भनि राखेको प्रस्ताव उपर छलफल हुँदा उक्त संचालक समितिको तर्फवाट पेश भएको प्रस्ताव पारित गरी अभिलेखको लागी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय समेत गरीयो ।

६. विविध :-

सञ्चालक समितिका अध्यक्षज्यूले शेयर धनीमहानुभावहरुले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिँदै शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवैलाई संचालक शेयरधनि महानुभाव तथा कर्मचारीहरु सवैलाई धन्यवाद दिँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

(हरिवंश भण्डारी )
कम्पनी सचिव

(रामजी प्रसाद कोइराला )
अध्यक्ष

UNION HYDROPOWER LIMITED
Lalitpur